नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (मन्त्रीस्तर) को मिति २०८२/०२/३० को निर्णय अनुसार एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए १५ दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना info@mohp.gov.np वा law.section@mohp.gov.np मा देहायबमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | राय/सुझाव दिइएको विषय | पुष्टयाई |
|---|---|---|---|---|
| | | | | |

१. **विधेयक गर्नु पर्नाको कारणः**

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने तथा राज्यबाट आकस्मिक स्वास्थ्य सेवामा वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ। सोही बमोजिम सरकारी स्तरमा स्वास्थ्य संस्था, अस्पताल तथा स्वास्थ्य सेवा प्रदान गर्ने लगायतका उद्धेश्य प्राप्तिका लागि विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु स्थापना तथा सञ्चालन हुँदै आएका छन्। नेपालमा चिकित्सा शिक्षातर्फ तथा स्वास्थ्य उपचारका सम्बन्धमा सहज तथा सरल पहुँच वृद्धि गरी यस क्षेत्रमा प्रविधिको विस्तार गर्न बिभिन्न नविनतम विधामा अध्ययन अध्यापन मार्फत शैक्षिक गुणस्तर हासिल गर्नुका साथै स्वास्थ्य सेवाको विकास तथा विस्तार गर्नु परेको छ।

हाल स्थापित स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु छुट्टा छुट्टै ऐनबाट सञ्चालन भएको हुँदा सबैमा एकरुपता हुन सकेको छैन । सोही कुरालाई मनन गरी सबै प्रतिष्ठानहरुलाई एकिकृत रुपमा सञ्चालन गर्न सो सम्वन्धी कानून निर्माण गर्न आवश्यक भएको हो ।

२. **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको कार्यान्वयनबाट नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था हुने र मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुने तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी नेपालको संविधानको धारा ३५ ले प्रदान गरेको नागरिकहरुको स्वास्थ्य सम्बन्धी हक कार्यान्वयन गर्न मद्धत पुग्ने देखिन्छ।

३. **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाभः**

हाल प्रचलनमा रहेका प्रतिष्ठानहरुलाई एकिकृत गरी छाता ऐन बनाईने भएको हुँदा थप आर्थिक भार नपर्ने साथै आर्थिक मितव्ययिता कायम गर्न सहयोग पुग्ने ।

सचिव

४. **विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापनाले संयुक्त राष्ट्र संङ्घको दिगो विकास लक्षको लक्ष नं. ३ मा रहेको सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने दिगो विकास लक्ष हासिल गर्न मद्दत पुग्ने देखिन्छ।

५. **विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षाको उज्यालोबाट वञ्चित रहेका जनतालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा विभिन्न विधामा अध्ययन,अध्यापन तथा अनुसन्धान गरी आवश्यक जनशक्ति तयार गर्ने कार्यमा सबै प्रतिष्ठानहरुलाई समायोजन गरी एउटा मात्र प्रतिष्ठान स्थापना हुने र उक्त प्रतिष्ठान अन्तरगत हाल सञ्चालित प्रतिष्ठान अन्तर्गतका अस्पतालहरुमा शैक्षिक कार्यक्रम सञ्चालन हुनका साथै प्रतिष्ठान स्थापना नभएका प्रदेशमा समेत छाता प्रतिष्ठान ऐन अन्तर्गत शैक्षिक संस्था स्थापना तथा सञ्चालन गर्न सकिने भई प्रतिष्ठानहरुको कामकारवाहीमा एकरुपता, सेवा शर्त र सुविधामा एकरुपता कायम हुने। प्रत्येक प्रतिष्ठानहरुमा रहेको उपकुलपति लगायतका पदाधिकारीको संख्या कम भई न्यूनतम पदाधिकारीबाट काम हुने, आर्थिक पारदर्शिता लगायतका विषयबाट वित्तिय अनुशासन कायम भई सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

६. **विधेयकको व्यवस्थाबाट जलवायू अनुकुलनमा पुग्ने सहयोगः .....**

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# <u>एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई व्यवस्था गर्न बनेको विधेयक</u>

**प्रस्तावनाः** स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न, स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा व्यवस्थापकिय कार्यकुशलतामा सुधार ल्याउने उद्देश्यले छुट्टाछुट्टै ऐनद्वारा स्थापना भई सञ्चालनमा रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई एकीकृत कानूनद्वारा स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्ययन संस्थान" भन्नाले दफा १४ बमोजिम स्थापना भएको स्वास्थ्य विज्ञान अध्ययन संस्थान सम्झनु पर्छ।

(ख) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ।

(ग) "उपकुलपति" भन्नाले दफा १९ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ङ) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ।

(च) "डीन" भन्नाले दफा २४ बमोजिमको डीन सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "निर्देशक" भन्नाले दफा २५ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(ज) "पदपूर्ति समिति" भन्नाले दफा १३ बमोजिम गठन भएको पदपूर्ति समिति सम्झनु पर्छ ।

(झ) "पिछडिएको क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ञ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ट) “प्राज्ञिक परिषद्” भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ठ) “मन्त्रालय” भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ।

(ड) “शिक्षक” भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ढ) “शिक्षाध्यक्ष” भन्नाले दफा २० बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ।

(ण) “सभा” भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(त) “सहकुलपति” भन्नाले दफा १८ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, स्वरूप तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न, स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्धेश्य समेतको लागि नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा नेपाल एकेडेमी अफ हेल्थ साइन्सेज भनिनेछ ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच-बिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रतिष्ठानको स्वरूपः** प्रतिष्ठान भित्र देहाय बमोजिमका सङ्गठनहरू रहने छन् र तिनिहरूको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अध्ययन संस्थान,

(ङ) अनुसन्धान केन्द्र,

(च) अस्पताल,

(छ) तोकिए बमोजिमका अन्य निकाय।

६. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम, अनुसन्धान लगायतका शैक्षिक तथा क्षमता अभिवृद्धिका कार्यहरू अध्ययन संस्थानहरू मार्फत गर्ने, गराउने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा अस्पतालसँग समन्वय एवं सम्झौता गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति वैज्ञानीक प्रक्षेपणको आधारमा उत्पादन गर्ने,

(ङ) स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग एवं अनुभव आदान प्रदान गर्ने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, तथा अन्तरक्रिया आयोजना गर्ने, गराउने,

(ज) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक, वैज्ञानीक अनुसन्धानमूलक जर्नल तथा बुलेटिन प्रकाशन गर्ने, गराउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत प्रयोग र पालना हुनेछन्।

## परिच्छेद -३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. **सभाको गठनः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) कुलपति | -अध्यक्ष |
| (ख) सहकुलपति | -उपाध्यक्ष |
| (ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) | -सदस्य |
| (घ) उपकुलपति | -सदस्य |
| (ङ) स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट एकजना महिला सहित मनोनीत दुईजना | -सदस्य |
| (च) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | -सदस्य |

(छ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ज) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(झ) डीनहरूमध्ये सभाबाट मनोनीत एकजना -सदस्य

(ञ) निर्देशकहरूमध्ये सभाबाट मनोनीत एकजना -सदस्य

(ट) अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीमध्ये कार्यकारी परिषद्को सिफारिसमा एक जना महिला सहित दुई जना -सदस्य

(ठ) शिक्षकहरूमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषदबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ड) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूमध्ये सभाबाट मनोनीत एकजना -सदस्य

(ढ) शिक्षाध्यक्ष -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

८. **<u>सभाको काम, कर्तव्य र अधिकार</u>**ः सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) प्रतिष्ठान मातहतका विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने,

(ञ) अध्ययन संस्थानहरूको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-४

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **प्राज्ञिक परिषद्को गठन**: (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रूपमा एक प्राज्ञिक परिषद् हुनेछ ।

(२) प्रतिष्ठानको शैक्षिक र प्राज्ञिक कामको रेखदेख गर्ने जिम्मेवारी शिक्षाध्यको हुनेछ।

(३) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) शिक्षाध्यक्ष -सदस्य

(ग) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा दुई जना महिला सहित पाँचजना -सदस्य

(घ) निर्देशक -सदस्य

(ङ) प्रतिष्ठानका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरू -सदस्य

(च) शिक्षकहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ज) डीनहरू मध्येबाट उपकुलपतिले मनोनीत गरेको डीन -सदस्य-सचिव

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(६) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार**: प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) आवश्यकता अनुसार अध्ययन संस्थान स्थापना गर्ने,

(घ) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(ङ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक तयार गर्ने,

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ठ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. **कार्यकारी परिषद्को गठन**:(१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) उपकुलपति | -अध्यक्ष |
| (ख) डीन | -सदस्य |
| (ग) निर्देशकहरूमध्येबाट मनोनीत दुईजना | -सदस्य |
| (घ) शिक्षकहरूमध्येबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना | -सदस्य |
| (ङ) शिक्षाध्यक्ष | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. **<u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u>**ः कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, बेच-बिखन गर्ने तथा ठेक्कापट्टामा दिने,

तर नेपाल सरकारबाट प्राप्त अचल सम्पत्ति बेचबिखन गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(च) पदपूर्ति समितिको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(छ) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग ग्रहण गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-६

## पदपूर्ति समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१३. **<u>पदपूर्ति समितिको गठन</u>**ः (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक पदपूर्ति समिति रहनेछ।

(२) पदपूर्ति समितिमा देहायका सदस्यहरू रहनेछन्ः-

(क) सभाबाट मनोनीत व्यक्ति -अध्यक्ष

(ख) लोक सेवा आयोगले तोकेको प्रतिनिधि -सदस्य

(ग) शिक्षकहरूमध्ये कार्यकारी परिषद्ले नियुक्ति गरेको एकजना -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमका अध्यक्ष र सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ।

(४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(५) पदपूर्ति समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## अध्ययन संस्थान, अनुसन्धान केन्द्र, अस्पताल तथा अन्य निकाय

१४. **अध्ययन संस्थानको स्थापना तथा सञ्चालन**: (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकता अनुसार देहायका अध्ययन संस्थानको स्थापना गर्न सक्नेछः-

(क) आधुनिक चिकित्सा विज्ञान,

(ख) आयुर्वेद तथा वैकल्पिक चिकित्सा विज्ञान र

(ग) जनस्वास्थ्य विज्ञान।

(२) उपदफा (१) बमोजिम स्थापित अध्ययन संस्थानले आवश्यकता अनुसार विभिन्न विधामा (Faculties) अध्ययन तथा अनुसन्धान गराउन सक्नेछ।

(३) अध्ययन संस्थानको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था**: (१) दफा १४ बमोजिम स्थापना भएका अध्ययन संस्थानले आवश्यकता अनुसार अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम स्थापित अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१६. **अस्पतालको स्थापना र सञ्चालन**: (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय एवं सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि अध्ययन संस्थानको मातहतमा अस्पताल स्थापना गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेका प्रतिष्ठान अन्तर्गतका अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ।

(३) सङ्घीय अस्पतालहरूले तोकिएको मापदण्ड पुरा गरेमा प्रतिष्ठान अन्तर्गत रहने गरी सम्बन्धित विषयमा अध्ययन अध्यापन सञ्चालन गर्न अध्ययन संस्थानको रूपमा काम गर्न सक्नेछन्।

(४) अस्पतालको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१७. **कुलपति**: (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

(३) कुलपतिले प्रतिष्ठानको निरीक्षण गर्न सक्नेछ।

१८. **<u>सहकुलपति</u>**ः (१) स्वास्थ्य मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

(२) सहकुलपतिले प्रतिष्ठानको आवश्यकता अनुसार निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ।

१९. **<u>उपकुलपति</u>**ः (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदमा नियुक्ति हुन तोकिए बमोजिमको योग्यता हुनु पर्नेछ।

२०. **<u>शिक्षाध्यक्षः</u>** (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागसि उपकुलपतिको सिफारिसमा शिक्षाध्यक्षको नियुक्ति गर्नेछ ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२१. **<u>पदाधिकारीको पदावधि, सेवा, शर्त तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था</u>**ः (१) उपकुलपति, डीन तथा निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(२) प्रतिष्ठानमा उपदफा (१) मा उल्लेख भए बाहेक तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहन सक्ने छन्।

(३) उपदफा (१) वा (२) बमोजिमका पदाधिकारीहरूको नियुक्ति, सेवा, शर्त तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२२. **<u>पदबाट हटाउन सक्ने</u>**ः (१) उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरूपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक तीहाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको सिफारिस गरेमा र सो कुरा सभाको बैठकको बहुमतबाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपतिलाई निजको पदबाट हटाउनेछ।

(३) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (२) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफारिस वा निर्णय गर्नु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

२३. **प्रतिष्ठानका कर्मचारी**ः (१) प्रतिष्ठानमा आवश्यक संख्यामा कर्मचारीहरू रहने छन्।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति पदपूर्ति समितिको सिफारिसमा तोकिए बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## अध्ययन संस्थानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

२४. **डीन**ः (१) अध्ययन संस्थानको शैक्षिक तथा प्राज्ञिक कार्यको प्रमुख भई काम गर्नको लागि सभाको सिफारिसमा नेपाल सरकारले डीनको नियुक्ति गर्नेछ।

(२) डीन अध्ययन संस्थानको पूरा समय काम गर्ने कार्यकारी पदाधिकारी हुनेछ।

२५. **निर्देशकः** अस्पतालको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि मन्त्रालयले डीनको सिफारिसमा निर्देशकको नियुक्ति गर्नेछ।

२६. **अध्ययन संस्थानका कर्मचारी**ः (१) अध्ययन संस्थानमा आवश्यक संख्यामा कर्मचारीहरू रहने छन्।

(२) अध्ययन संस्थानका कर्मचारीको नियुक्ति पदपूर्ति समितिको सिफारिसमा तोकिए बमोजिम हुनेछ

(३) अध्ययन संस्थानका कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२७. **प्रतिष्ठानको कोष**ः (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अध्ययन संस्थानबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदानबाट ऋण स्वरूप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२८. **लेखा र लेखापरीक्षणः** (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-११

## अध्ययन संस्थानको कोष, लेखा तथा लेखापरीक्षण

२९. **अध्ययन संस्थानको कोष**ः (१) अध्ययन संस्थानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदानबाट ऋण स्वरूप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम अध्ययन संस्थानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(४) अध्ययन संस्थानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) अध्ययन संस्थानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) अध्ययन संस्थानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३०. **लेखा र लेखापरीक्षण**ः (१) अध्ययन संस्थानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) अध्ययन संस्थानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-१२

## विविध

३१. **सम्बन्धन दिन सक्ने:** (१) प्रतिष्ठानले राष्ट्रिय चिकित्सा आयोगको मापदण्ड पुरा गरेका सङ्घ अन्तर्गतका कुनै अस्पताललाई अध्ययन संस्थानको रूपमा सम्बन्धन दिन सक्नेछ।

(२) यो ऐन प्रदेश र स्थानीय तहबाट स्थापना तथा सञ्चालन हुने स्वास्थ्य विज्ञान प्रतिष्ठानको मार्गदर्शक ऐनको रूपमा रहनेछ।

३२. **परिणत हुने:** (१) यो ऐन लागू हुन पूर्व प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका स्वास्थ विज्ञान प्रतिष्ठानहरू देहाय बमोजिम हुने गरी अध्ययन संस्थानको रूपमा स्वतः परिणत भएको मानिनेछः-

(क) राष्ट्रिय चिकित्सा विज्ञान अध्ययन संस्थान,

(ख) बी.पी. कोईराला स्वास्थ्य विज्ञान अध्ययन संस्थान,

(ग) पाटन स्वास्थ्य विज्ञान अध्ययन संस्थान,

(घ) कर्णाली स्वास्थ्य विज्ञान अध्ययन संस्थान,

(ङ) पोखरा स्वास्थ्य विज्ञान अध्ययन संस्थान,

(च) राप्ती स्वास्थ्य विज्ञान अध्ययन संस्थान ।

(२) उपदफा (१) बमोजिमका अध्ययन संस्थान सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३३. **स्वास्थ्य र चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरूप काम गर्नुपर्ने:** प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य र चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरूप काम गर्नुपर्नेछ ।

३४. **छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:** प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा राष्ट्रिय चिकित्सा शिक्षा आयोगद्वारा निर्धारण भएबमोजिम विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

३५. **तोकेको स्थानमा काम गर्नुपर्ने:** (१) यस ऐन बमोजिम आरक्षण वा छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले मन्त्रालयले तोकेको अवधिभर पिछडिएका क्षेत्रमा काम गर्नु पर्नेछ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय, वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिमको अवधिभर काम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले मन्त्रालयबाट तोकिएको अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ ।

३६. **वार्षिक प्रतिवेदन:** (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको ढाँचामा वर्षभरि सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) अध्ययन संस्थानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तोकिए बमोजिमको ढाँचामा वर्षभरि सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रतिष्ठान समक्ष पेश गर्नु पर्नेछ ।

३७. **<u>अधिकार प्रत्यायोजन:</u>** सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् र अध्ययन संस्थानलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३८. **<u>काम कारबाही बदर नहुने:</u>** प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन ।

३९. **<u>अनुगमन तथा निर्देशन सम्बन्धी व्यवस्था</u>**: प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले अनुगमन गरी प्रतिष्ठान वा सो अन्तर्गतका निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठान तथा निकायको कर्तव्य हुनेछ ।

४०. **<u>नेपाल सरकारसँग सम्पर्क:</u>** प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

४१. **<u>शपथ लिनु पर्ने:</u>** प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

४२. **<u>कर्मचारी अध्ययन संस्थानमा रहन सक्ने:</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल स्वास्थ्य सेवामा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये अध्ययन संस्थानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई मन्त्रालयले अध्ययन संस्थानको कर्मचारीको रूपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी अध्ययन संस्थानको कर्मचारी मानिनेछ ।

(३) नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई प्रतिष्ठानको सेवामा मन्त्रालयले आवश्यकता अनुसार खटाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम अध्ययन संस्थानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि अध्ययन संस्थानको सेवा अवधिमा गणना हुनेछ र उपदफा (३) बमोजिम नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीले प्रतिष्ठानमा सेवा गरेको अवधि नेपाल स्वास्थ्य सेवामा गणना गरिनेछ ।

४३. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

४४. **<u>मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>:** (१) प्रतिष्ठानको काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही स्वास्थ्य तथा चिकित्सा शिक्षा सम्बन्धी आवश्यक मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको राय सहमति लिनु पर्नेछ।

४५. **<u>खारेजी र बचाउ</u>:** (१) देहायबमोजिमका ऐनहरू खारेज गरिएको छ ।

(क) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३,

(ख) बी.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०४९,

(ग) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६४,

(घ) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८,

(ङ) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ र

(च) राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४

(२) उपदफा (१) बमोजिमको ऐन बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको ऐन वा ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही नियुक्त भएका शिक्षक तथा कर्मचारीहरू अध्ययन संस्थानको समान स्तर र तहको पदमा समायोजन हुनेछन् ।

(४) उपदफा (१) बमोजिमको ऐन बमोजिमका प्रतिष्ठानहरूको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व सम्बन्धित अध्ययन संस्थानमा सरेको मानिनेछ।